**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

| **खण्डः ४** | **संख्याः २१** | **मितिः २०७७/११/१६** |
|---|---|---|

## भाग-२

**धनगढी उप महानगरपालिका**

# सूचना तथा संचार प्रविधि प्रयोग सम्बन्धी कार्यविधि, २०७७

**नगरसभाबाट स्वीकृत मितिः २०७७।११।१६**
**राजपत्रमा प्रकाशन मितिः २०७७।११।१७**

**प्रस्तावना :**पछिल्लो समयमा इन्टरनेट प्रविधिको तीव्र विकासले विश्वलाई एकगाउँ (A Global Village) को रुपमा लिन थालिएको छ । उक्त प्रविधिको प्रयोगबाट नागरिक र सरकारका बिच संवाद र सहकार्य अभिवृद्धि भएको छ । यसले पारदर्शी एवं प्रभावकारी सार्वजनिक कार्य व्यवस्थापन गरी सुशासनको प्रत्याभूति हुने विश्वास गरिएको छ । प्रविधिको विकासले शिक्षा, स्वास्थ्य, सञ्चार, प्रशासन, विद्युतिय व्यापार (e-Commerce) लगायतका विविध सार्वजनिक सेवामा ग्रामीण जनताको जीवनलाई समेत सजिलो बनाउन सहयोग पुगेको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सन् २०२० सम्ममा ९० प्रतिशत जनतालाई ब्रोडव्याण्ड सेवामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । यस प्रकारको पहुँचले खासगरी ग्रामीण क्षेत्रको विकासमा सघाउ पुऱ्याउँछ । वर्तमान अवस्थामा संघीय सरकारसँग पर्याप्त सूचना प्रविधि सम्वन्धि नीति तथा विद्युतिय शासन (e-Governance) प्रणाली प्रवर्द्धन गर्ने राष्ट्रिय योजनाहरु छन् । नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क, २०१९ लाई समेत लागु गरिरहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ङ) ५ र (च) ४ मा व्यवस्था भए अनुसार सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सृजित अवसर एवं चुनौती सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र संयन्त्र/प्रणालीहरुको उपयोग, प्रवर्द्धन र नियमन गर्न वाञ्छनीय भएकोले,

धनगढी उप-महानगरपालिकाको मिति २०७७।११।१६ को बैठकले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१५, दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाई लागू गरेकोछ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ : (१)** यो कार्यविधिको नाम **"सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

**(२)** यो कार्यविधि धनगढी उप-महानगरपालिकाको कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले धनगढी उप-महानगरपालिकाको कार्यपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति र प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना"** भन्नाले यस धनगढी उप-महानगरपालिकाले सञ्चालन गर्ने पूर्वाधार विकास लगायत विभिन्न योजना तथा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ग) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(घ) **"कार्यविधि"** भन्नाले "सूचना प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७७" सम्झनु पर्दछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले धनगढी उप-महानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) **"कार्यालय"** भन्नाले धनगढी उप-महानगरपालिकाको कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र यो शब्दले धनगढी उप-महानगरपालिकाको संगठन संरचनामा रहेको विभाग/महाशाखा/शाखा/उपशाखा वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक इकाई वा वडा कार्यालय समेतलाई जनाउँछ ।

(छ) **"नीति"** भन्नाले सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई सम्झनु पर्दछ ।

(ज) **"नगरपालिका वा उप-महानगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिकालाई सम्झनु पर्दछ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) **"प्रणाली"** भन्नाले उप-महानगरपालिकाले विद्युतीय सूचना प्रविधिको प्रयोग सम्बन्धी विकास गरेको विभिन्न प्रणालीहरु (System) लाई सम्झनु पर्दछ ।

(ट) **"मोबाइल एप"** भन्नाले उप-महानगरपालिकाले सर्वसाधारण नागरिकलाई सूचना संप्रेषण गर्न विकास गरेको विभिन्न स्मार्ट मोबाइल मार्फत सञ्चालन गर्न सकिने एप्सहरुलाई सम्झनु पर्दछ ।

(ठ) **"वडा कार्यालय"** भन्नाले धनगढी उप-महानगरपालिकाका अन्तर्गतको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(ड) **"वेब/पोर्टल"** भन्नाले धनगढी उप-महानगरपालिकाका कार्यपालिकाको वेबसाइट, पोर्टल तथा अन्य पालिकाले पारदर्शिता, जवाफदेहिता तथा खुला तथ्याङ्क/खुला सरकार अवधारणा प्रवर्द्धनको लागि विकास गरेको वेब हबलाई सम्झनु पर्दछ ।

(ढ) **"विद्युतीय प्रविधि"** भन्नाले कम्प्युटरमा आधारित प्रविधिलाई सम्झनु पर्दछ ।

(ण) **"सुशासन समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५ को वुँदा नं. २२ को समितिको गठन सम्वन्धी गरिएको व्यवस्था अनुसार गठन गरिने समितिलाई सम्झनु पर्दछ ।

(त) **"सूचना प्रविधि"** भन्नाले धनगढी उप-महानगरपालिकाको कार्यालयमा संचालन गरिने कुनै पनि प्रकारको विद्युतीय सूचना प्रविधि सम्वन्धी गतिविधिलाई सम्झनु पर्दछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद २

## सूचना प्रविधिको प्रयोग गरिने क्षेत्र तथा सञ्चालन विधि

विद्युतीय सूचना प्रविधिलाई धनगढी उप-महानगरपालिकाले आफ्नो दैनिक कार्यलाई छिटो-छरितो र चुस्त दुरुस्त पार्न विभिन्न प्रणाली/सयंन्त्रहरुको विकास गरी प्रयोगमा ल्याउनेछ । त्यसैगरी विकास भइसकेका यस्ता प्रणाली/सयंन्त्रहरुको प्रभावकारी प्रयोगको लागि वडा कार्यालयलाई समेत निर्देशन गर्नु दिनेछ । जस अन्तर्गत निम्न लिखित कार्यहरु गरिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारले अनिवार्य गरेको सूचना प्रविधि तथा सफ्टवेयरहरुलाई धनगढी उप-महानगरपालिकाले कार्यप्रणालीमा समावेश गर्नका लागि आवश्यक कार्वाही गर्ने ।

(ख धनगढी उप-महानगरपालिकाको हरेक काम कार्वाहीलाई कम्प्युटर प्रविधिमा डिजिटाइज्ड (Digitized) गर्दै कागज रहित सेवा सञ्चालनमा जोड दिने ।

(ग) धनगढी उप-महानगरपालिकाको पूर्वाधार लगायत हरेक आयोजनाहरु विद्युतीय प्रविधि मार्फत व्यवस्थापन गर्ने र लक्षित उपभोक्ताको सहभागिता समेत सुनिश्चित गर्ने ।

(घ) धनगढी उप-महानगरपालिकाले प्रदान गर्ने सूचना तथा सेवाहरूमा आम नागरिकहरूको गुनासो, सुझाव तथा पृष्ठपोषणहरूलाई सहज रूपमा ग्रहण गर्न र उनीहरूलाई आफना कुराहरू राख्न सहज हुने गरी विद्युतीय गुनासो व्यवस्थापन प्रणालीको विकास र प्रयोग गर्ने गराउने ।

(ङ) धनगढी उप-महानगरपालिकाको वार्षिक रूपमा सञ्चालन गर्ने स्थानीय तहको योजना तथा बजेट तर्जुमा र कार्यान्वयनमा महिला तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त सूचना प्रविधिको प्रयोग गर्ने ।

(च) धनगढी उप-महानगरपालिकाको प्रत्येक आर्थिक वर्ष शुरू भएको १ महिना भित्र वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई खुला तथ्यांकीय ढाँचामा उपलब्ध हुने गरी वेब/पोर्टलमा राख्ने । लेखा तथा राजश्व संकलनमा विद्युतीय प्रविधिको प्रयोग गर्ने ।

(छ) धनगढी उप-महानगरपालिकाले उपयुक्त सामाजिक संचार माध्यम (Social media) बाट आफ्ना नागरिकलाई विभिन्न सूचनाहरु सम्प्रेषण गर्ने ।



धनगढी उप-महानगरपालिका राजपत्र

(ज) ‘‘अडियो सहितको विद्युतिय-नागरिक बडापत्र’’ (e-Citizen Charter) तथा “वहिरगमन अभिमत (Exit Poll) सहितको विद्युतिय-नागरिक प्रतिवेदन पत्र” (e-Citizen Report Card) प्रविधिको विकास र अवलम्वन गर्ने ।

(झ) धनगढी उप-महानगरपालिकाको सेवा प्रवाहबारेमा अधिकतम् नागरिकलाई जानकारी दिन विभिन्न उपयोगी मोबाइल एप्सहरु विकास गर्ने । मोबाइल एप्समा प्रयोग गरिने भाषा महिला तथा सिमान्तकृत वर्ग मैत्री हुनेछ ।

(ञ) सरकारले सूचनाको हक सम्बन्धि ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम स्वतः खुलासा गर्नुपर्ने सूचनाहरूलाई आवधिक रूपमा आफ्नो वेब साइट र अन्य माध्यमबाट खुला तथ्यांकीय ढाँचामा सार्वजनिक गर्ने।

(ट) धनगढी उप-महानगरपालिकाले सम्पादन गर्ने न्यायिक मामिलाहरूको अभिलेखहरू व्यवस्थित गर्न न्यायिक मामिला व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउने र प्राप्त मामिलाहरूको दर्ता, त्यसको विवरण, मामिलाहरूमा भएको प्रगतिलाई विद्युतीय सूचना प्रविधिको प्रयोग गरी व्यवस्थपन गर्ने ।

(ठ) आवश्यक परेको खण्डमा धनगढी उप-महानगरपालिकाले विकास तथा अवलम्वन गरेको हरेक प्रविधिमा आधारित प्रणाली ⁄ सयंन्त्रको छुट्टा छुट्टै निर्देशिका बनाई कार्यान्वयन गर्ने ।

(ड) धनगढी उप-महानगरपालिकाको दैनिक कार्यलाई चुस्त दुरुस्त र व्यवस्थित अभिलेख राख्न र नागरिकको सूचनामा सजिलै पहुँच अभिवृद्धि गर्नको लागि पालिका सूचना केन्द्र (Municipal Techno-hub) तथा सामुदायिक सूचना केन्द्र (Community Techno-hub) को स्थापना तथा प्रभावकारी सञ्चालनलाई संस्थागत गर्ने ।

## परिच्छेद ३

## सरोकारवाला निकायको भूमिका

१) धनगढी उप-महानगरपालिकासँग सूचना प्रविधिको प्रयोगको लागि सहकार्य तथा समन्वय गर्ने संघ संस्था, आइटी कम्पनी र राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरु धनगढी उप-महानगरपालिकाको सरोकारवाला निकायहरु हुन् ।

२) सूचना तथा संचार प्रविधिको क्षेत्रमा सहयोग गर्ने स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु संग समन्वय गर्ने ।

३) उप-महानगरपालिकाको आवश्यकताको आधारमा थप सूचना प्रविधिमा सहयोग र सहकार्य गर्ने ।

धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद ४

## संस्थागत प्रवन्ध

(१) धनगढी उप-महानगरपालिकाको दैनिक प्रशासनिक एवं सेवाप्रवाहको जिम्मेवारीको नेतृत्व, समन्वय तथा सहजीकरण गरी सूचना प्रविधिको विकास तथा अवलम्वनको लागि पालिकामा गठित "सुशासन समिति" लाई सूचना प्रविधिको जिम्मेवारी दिई यस समितिलाई वडा स्तरसम्म विस्तार गरिने छ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५(२२) अनुसार "सुशासन समिति" गठन गर्ने ।

(३) धनगढी उप-महानगरपालिकाले सूचना अधिकृत वा सो उपलब्ध नभए सूचना व्यवस्थापनको जिम्मेवारी सहित कुनै एक कर्मचारीलाई सूचना तथा संचार प्रविधि सम्वन्धी संयन्त्र/प्रणालीको सञ्चालनको सम्पर्क व्यक्ति तोक्ने ।

(४). धनगढी उप-महानगरपालिकाको सूचना अधिकृत तथा तोकिएको कर्मचारीले सूचना तथा संचार प्रविधि सम्बन्धी प्रणालीको प्रयोग गरी सम्बन्धित तथ्य एवं जानकारीहरु अद्यावधिक गर्ने ।

(५) स्थानीयस्तरका निर्णय प्रकृया, परियोजना/आयोजना कार्यान्वय तथा त्यसको अनुगमन कार्यहरुमा नागरिकहरुको संलग्नतालाई सुनिश्चित गर्न प्रविधिमा आधारित संयन्त्र/प्रणालीहरुको विकास एवं प्रयोग गर्ने गराउने ।

(६) विकास गरिएका संयंत्र/प्रणालीको प्रयोगको अवस्था तथा प्रभावकारिताबारे सूचना अधिकृत तथा तोकिएको कर्मचारीले तीन-तीन महिनामा सुशासन समितिलाई लिखित जानकारी दिने ।

(७). धनगढी उप-महानगरपालिकाले सूचना तथा संचार प्रविधि सम्बन्धी प्रणालीको प्रयोगमार्फत तथ्यांक व्यवस्थापन गर्ने कार्यलाई अवलम्बन गर्ने र जनशक्ति विकासका लागि आवश्यक क्षमता अभिवृद्धिको व्यवस्था गर्ने ।

(८) सूचना तथा प्रविधिका प्रणालीहरुमा उपलब्ध तथ्यांक वा सूचनालाई आवश्यकता अनुसार स्थानीय तहको विकास प्रकृया/कृयाकलापमा प्रमाणको रुपमा प्रयोग गर्ने ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद ५

## स्रोत परिचालन र खर्च

(१) कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि उप-महानगरपालिकाले आवश्यक श्रोतको व्यवस्थापन गर्नेछ। यसका लागि सार्वजनिक तथा निजि स्रोत परिचालन गर्नुका साथै सूचना प्रविधि विकास कोष तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संघ संस्थाहरुबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगको उपयोग गरिनेछ।

(२) सूचना प्रविधि विकास कोषमा उप-महनगरपालिकाले वार्षिक सम्भारका रुपमा आवश्यक बजेट विनियोजन गर्नेछ।

## परिच्छेद ६

## विविध

(१) कार्यविधि जारी हुनुभन्दा अगाडि भएको व्यवस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ। साथै कार्यविधि संघीय एवं प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय धनगढी उप-महानगरपालिका कार्यपालिकाले गर्नेछ।

(३) यो कार्यविधिको अन्तिम व्याख्या नगरकार्यपालिका वा नगरकार्यपालिकाको अधिकार प्राप्त निकायले गर्ने छ।

(४) यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा धनगढी उप-महानगरपालिकाको कार्यपालिका बैठकले आवश्यकता र औचित्यताको अधारमा कार्यविधको व्याख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ।

**आज्ञाले,**

..........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप-महानगरपालिका राजपत्र